# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, वैशाख ४ गते २०६१ साल (अतिरिक्ताङ्क ३

## भाग ४

श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारको मिति २०६०।१२।२६ को निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहने गरी नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय स्थापना गरिएको र सो कार्यालयको रजिस्ट्रार पदलाई निजामती सेवा नियमावली, २०५० को नियम २ को खण्ड (ख) अन्तर्गत अनुसूची-१ मा समावेश गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा रजिस्ट्रार पदमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव श्री रामप्रसाद भट्टराईलाई तोकेको छ ।

आज्ञाले,

मेदिनीप्रसाद शर्मा

श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9259

मुद्रण विभाग, सिंहदरबार

9252

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।